मिति २०८२।१२।१५ गते बसेको खाँडादेबी गाउँपालिका, रामेछापको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

| प्रस्ताव नं. | प्रस्तावको विषय |
|---|---|
| १. | बधाई ज्ञापन सम्बन्धमा |
| २. | १५ बेड अस्पताल निर्माण कार्यको म्याद थप गर्ने सम्बन्धमा। |
| ३. | सामी परियोजना सञ्चालनको लागी सम्झौता गर्ने सम्बन्धमा। |
| ४. | प्रदेश शशर्त अन्तरगत अपाङ्गता भएका व्यक्तिहरुको लागी समुदायमा आधारित पुनः स्थापना गर्ने सम्बन्धमा। |
| ५. | विपद व्यवस्थापको निर्णय अनुमोदन गर्ने सम्बन्धमा। |
| ६. | रकम रकमान्तर गर्ने सम्बन्धमा। |
| ७. | विविध |

निर्णय नं १

प्रस्ताव नं १ मा छलफल गर्दा मिति २०८२/१२/१३ गते नेपाल सरकारको प्रधानमन्त्रीको पदमा नियुक्त हुनुभएकोमा सम्मानीय प्रधानमन्त्री श्री बालेन्द्र शाह लाई गाउँ कार्यपालिकाको तर्फबाट हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. २

प्रस्ताव नं.२ माथी छलफल गर्दा यस खाँडादेवी गाउँपालिकाको आ.ब. २०७७/७८ मा आह्वान गरेको (KRM/NCB/WORKS/07/077/078(Construction of Khandadevi 15 bed Hospital Building) श्री आत्रेय शिव वस्नेत जे.भी काठमाडौ नेपाल संग मिति २०७९-०३-३० गते सम्पन्न गर्ने गरी मिति २०७७-१०-१६ मा सम्झौता भएको तर हाल सम्म निर्माण कार्य सम्पन्न नभएको र सो सम्बन्धमा सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोग बाट अनुसन्धान भईरहेकोमा हिउदे अधिबेसन पुर्व स्वयम पालिका अध्यक्षले सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यालय बर्दिवासमा उक्त निर्माणधिन भवन सम्पन्न गर्न निकास माग गर्दा अस्पताल जस्तो संम्वेदनशिल अत्यावश्यक स्वा प्रवाहको लागी नियम संगत भवन निर्माण गर्न निकासको लागी बजेट सुनिश्चिताको प्रतिवद्धता जाहेर गरे पश्चात मिति २०८२-१२-०८ गते आयोग कार्यालय टंगालमा खाँडादेवी गाउँपालिका संग भएको थप छलफलमा १५ बेडको अस्पताल भवन निर्माण कार्य अलपत्र भएको र सो ठेक्का प्रक्रिया तोड्दा उदेश्य अनुरुप भवन निर्माण कार्य सम्पन्न हुन लामो समय लाग्ने, लागत खर्च बढ्ने र स्थानीय सरकारको आधारभुत र आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने जिम्मेवारी बहन गर्न नसकिने देखिएकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोग को राय बमोजिम तत्कालिन अवस्थाको लागत अनुमान, डिजाईन

गुणस्तरमा कमी नहुने शर्त र असल नियतको साथ गुणस्तरिय र मापदण्ड बमोजिमको भवन निर्माण गर्नको लागी ठेक्का प्रारम्भ भएको समयमा प्रस्ताव गरिएको दररेटमा कार्य सम्पादन गर्दा राज्यको लगानीमा समेत मितव्ययी हुने देखिएकोले श्री आत्रेय शिव वस्नेत जे. भी काठमाडौ नेपाललाई बैंक जमानत, भवनको बिमा माग गरि ठेक्काको म्याद थप गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

यस खाँडादेवी गाउँपालिका को लागत साझेदारीमा सुरक्षित आप्रवासन सामी कार्यक्रमको चौथो चरण सञ्चालन सम्बन्धमा सूचना तथा परामर्श न्यायमा पहुच मनो-सामाजिक परामर्श, वित्तिय साक्षरता, सीप विकाश लगायता क्रियाकलापको लागी एक जना मनो-सामाजिक परामर्शकर्ता (पाचौं तह) ५० प्रतिशत तलव सुविधा तथा दुई जना रिटनी स्वयमसेवक परिचालनका लागी आवश्यक बजेट श्रोत सुनिश्चिता गरि सामी कार्यक्रम सञ्चालन गर्ने कार्यालयको प्रतिबद्धता सदर गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

क. प्रदेश शशर्त अन्तरगत अपाङ्गता भएका व्यक्तिहरुको लागी समुदायमा आधारित पुनः स्थापना कार्यक्रम सञ्चालन गर्न १८ बर्ष सम्मका शारीरिक अपाङ्गता भएका बालबालिकाहरुको पहिचान, उपचार, सल्यक्रिया, पुनःस्थापन, सहायक सामाग्री, उपलब्धता, अनुगमन तथा समग्र सामाजिकिकरण कार्यक्रमहरुको लागी विकलाङ्ग मित्र समूह अपाङ्ग बाल अस्पताल तथा पुनःस्थापना केन्द्र बनेपा काभ्रेको प्राप्त साझेदारी प्रस्ताव अनुमानीत कुल लागत रु ४,२८,३००/- (अक्षेरेपी रु चार लाख अट्ठाईस हजार तीन सय मात्र) खाँडादेवी गाउँपालिकाको साझेदारी रु ३,००,०००/- (कुल लागतको ७०.०४ %) अपाङ्ग बाल अस्पताल तथा पुनःस्थापना केन्द्र बनेपा काभ्रेको रु १,२८,०००/- ( कुल लागतको २९.९६%) साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

**निर्णय नं. ५**

खाँडादेवी गाउँपालिकाको मिति २०८२/१२/०६ मा बसेको स्थानीय विपद व्यवस्थापन समितिले गरेको निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

मिति २०८२।१२।१५ गते बसेको खाँडादेबी गाउँपालिका, रामेछापको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

खाँडादेवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय माकादुम, रामेछाप बागमती प्रदेश, नेपाल

निर्णय नं. ६

| घटाउने | | | | बढाउने | | |
|---|---|---|---|---|---|---|
| क्र.स | शिर्षक | स्रोत | रकम | शिर्षक | स्रोत | रकम |
| १. | खोलेखानी अर्चले सिचाई | नेपाल सरकार-समानिकरण अनुदान | रु २,६१,६७७/- | पाटाबारी लहरे टोल पहिरो नियन्त्रण | नेपाल सरकार-समानिकरण अनुदान | रु २,६१,६७७/- |
| २ | एम्बुलेन्स खरिद | नेपाल सरकार-समानिकरण अनुदान | रु १५ लाख | सित्खा कुल डाँडा सडक | | रु १५ लाख |
| ३. | ङ्याग्रुर गुम्बा गोगनपानी | नेपाल सरकार-समानिकरण अनुदान | रु ४० लाख | -वडा कार्यालय भोटेपानी सडक स्तरोन्नती | | रु १० लाख |
| | | | | -खर्क पुच्छर स्वारो सल्लेनी सिँचाई योजना खाडादेवी -८ | | रु १५ लाख |
| | | | | आ.वि फन्ज्याङ घेराबार तथा मेशिनरी वाल निर्माण | | रु १५ लाख |
| ४. | मदन भण्डारी प्रतिष्ठान | नेपाल सरकार-समानिकरण अनुदान | रु १५ लाख | | | |
| ५. | खेलकुद तथा शैक्षिक सामाग्री (युवा) | राजस्व बाडफाँड-संघीय | रु १ लाख ५० हजार | | | |
| ६. | टग अफ वार प्रतियोगीता | राजस्व बाडफाँड-संघीय | रु ५० हजार | | | |
| ७. | विपद प्रतिकार्य सामेल | राजस्व बाडफाँड-संघीय | रु १ लाख | सित्खा खोला तटबन्धन | | रु १० लाख |
| ८. | युवा उद्यमशिल एवम नेतृत्व विकास कार्यक्रम | राजस्व बाडफाँड -स्थानीय | रु ५ लाख | साईलोको घट्टो मुनी मुहान हुदै माटार कटरको बोट सिचाई | | रु १० लाख |
| ९. | वडा कार्यालय भवन निर्माण | नेपाल सरकार-समानिकरण अनुदान | रु १० लाख | | | |
| १०. | विपद कार्यको लागी खाजा खर्च | राजस्व बाडफाँड-संघीय | रु २ लाख | गोगने दोवान मेसिनरी वाल तथा खेत संरक्षण | | रु १९ लाख |
| ११. | वाल तथा युवा क्लव गठन | राजस्व बाडफाँड-संघीय | रु १ लाख | कृष्ण प्रणामी घेरावार निर्माण | | रु २ लाख |



CamScanner

०८२।१२।१५ गते बसेको खाँडादेवी गाउँपालिका, रामेछापको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२. | ओपन जिम तीन वटा | राजस्व बाडफाँड- स्थानीय | रु ३ लाख | | | |
| १३. | लुडो च्याम्पियनसिप | राजस्व बाडफाँड- प्रदेश सरकार | रु ५० हजार | | | |
| १४. | SEE परीक्षा तयारी गर्ने विद्यार्थीको लागी क्लोज क्याम्प | नेपाल सरकार- समानिकरण अनुदान | रु ५ लाख | रिफल टोल सेतीदेवी स्मार्ट चौतारो निर्माण धुले रु ७ लाख | | |
| १५. | शैक्षिक मेला तथा प्रदर्शनी | राजस्व बाडफाँड- संघीय | रु २ लाख | | | |
| १६. | समुदायमा आधारीत एक वडा एक कृषि कार्यक्रम वडा नं ७ | नेपाल सरकार- समानिकरण अनुदान | रु ३ लाख | घारीटोल सडक स्तरोन्नती | | रु १० लाख |
| १७. | विद्यालय शैक्षिक सुधार कार्यक्रम | नेपाल सरकार- समानिकरण अनुदान | रु ८ लाख | सित्खा खोला तटबन्धन | | रु १० लाख |
| १८. | वडा भरी ईन्टरनेट जडान कार्यक्रम | नेपाल सरकार- समानिकरण अनुदान | रु ३ लाख | दशै लक्षित सडक सरसफाई वडा नं -६ | | रु ३ लाख |
| १९. | ६ नं वडा कार्यालय भवन मर्मत | नेपाल सरकार- समानिकरण अनुदान | रु ३ लाख | खानेपानी तथा सिँचाई पाईप खरिद | | रु ३ लाख |
| २०. | युवा महोत्सव | नेपाल सरकार- समानिकरण अनुदान | रु १ लाख ५० हजार | अभिभावक विद्यार्थी व्यवहारीक उत्प्रेरण तथा अन्तरक्रिया कार्यशाला | | रु १ लाख ५० हजार |
| २१. | युवा उद्यमशिल एवम नेतृत्व विकास कार्यक्रम | राजस्व बाडफाँड - स्थानीय | रु ५ लाख | वडा स्वयम सेविका अध्ययन तथा अवलोकन | | रु ५ लाख |

निर्णय नं ७

प्रस्ताव नं ७ माथी छलफल गर्दा माथी निर्णय नं ६ मा विविध शिर्षकमा गरिएको रकम रकमान्तर लाई बिशेष गाउँसभा आह्वान गरि अनुमोदन गर्ने निर्णय गरियो।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।



CamScanner